# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं प्रदेश, नेपाल

मिति :२०७६।१।१९

प.सं. प्र.शा. ०७५।०७६
च.नं. ३१३६

श्री निन्द्रा.......३११२५१
...........................
सि० न० पा० का०

**बिषय : वैठकको निर्णय उतार सम्वन्धमा ।**

प्रस्तुत बिषय सम्वन्धमा सिद्धार्थनगर नगरपालिकाको नगर प्रमुख श्रीमान् हरि प्रसाद अधिकारी ज्युको अध्यक्षतामा मिति २०७६।१।१५ गते बसेको बोर्ड वैठकको निर्णयको फोटो कपी आवश्यक कार्यन्वयन एवं जानकारीका लागी यसै साथ पठाईएको व्यहोरा अनुरोध छ ।

श्याम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

D/ prabhat.\ kamla\ office letter




फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
email: siddharthanagar.municipality@gmail.com / www.siddharthanagarmun.gov.np


Scanned by CamScanner

निर्णय नं.१

यस नगरपालिकालाई विपक्ष बनाई सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने पदमा ज्ञवाली, ओमकला रिजाल, निधी जैसवाल तथा नेपाल कर्मचारी युनियन लगायतका मुद्दाको बहस, पैरवी, मस्यौदा र लिखित जवाफ समेतको पारिश्रमिक आइ.बि.ल.एशोसिएशन अनामनगरलाई हाल सम्मको रु. १,१८,०००।- (एकलाख अठारहजार) दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकामा अपाङ्ग परिचय पत्र सिफारिश गर्नको लागि गठित्त स्थानीय समन्वय समितिमा नगर कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट श्री रुपा कुमारी सुनार बराईलीलाई सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिका क्षेत्रभित्रको मुख्य राजमार्गमा सि.न.पा. वडा नं.१ वेलहिया देखि न.पा. सिमाना अंचलपुर सम्म six line सडकमा बत्ती जडान गर्नको लागि (सोलार बत्ती बाहेक) सडक आयोजनालाई लेखि पठाउने र बत्ती जडान पश्चात मर्मत संभार तथा बत्तीको मेन स्वीच अन, अफ गर्ने कार्य न.पा.ले गर्ने ।

निर्णय नं. ४

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार निर्धारण भएको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा अगामी आ.व. को लागि निम्नानुसारको श्रोत अनुमान तथा बजेटको सिमा निर्धारण गरी वडा समितिको कार्यालय र सम्बन्धित शाखा, महाशाखामा बजेट तथा कार्यक्रम बनाई पेश गर्ने गराउने निर्णय गरियो ।

| | |
|---|---|
| १. तलब भत्ता लगायतका चालु खर्च तर्फ | १९ करोड १० लाख |
| २. प्रोजेक्ट म्याचिङ्ग फण्ड | १ करोड |
| ३. पर्यटकीय गेट निर्माण | १ करोड ५० लाख (चाहिने ३ करोड) |
| ४. हाटबजार भवन निर्माण | २ करोड ५० लाख (चाहिने ५ करोड) |
| ५. विषयगत र लक्षित वर्ग दृघद्धछ | १ करोड ५० लाख |
| ६. परामर्श सेवा | २८ लाख |
| ७. वडा स्तरीय योजना | ५ करोड ७० लाख |
| ८. लागत सहभागिता | ८० लाख |
| ९. नगर स्तरीय फुटकर | १ करोड |
| १०. स-साना कार्यक्रम | ३० लाख |
| ११. सडक बत्ती मर्मत,वडा भवन,समपुरक, विविध | २ करोड ८२ लाख |
| १२. सडक बोर्ड म्याचिङ्ग | ५० लाख |
| | जम्मा ३६ करोड ५० लाख । |

श्याम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

निर्णय नं. ५

उपरोक्त बमोजिम श्रोत अनुमान तथा बजेट सिमाबाट देहाय बमोजिमको प्राथमिकता क्रममा बजेट बांडफांड गर्ने निर्णय गरियो ।

१. पक्की सडक २. शिक्षा ३. स्वास्थ्य तथा सरसफाई ४.सामाजिक सुरक्षा (लक्षित वर्ग समेत) ५. कृषि, भेटनरी ६. खेलकुद ७. विपद व्यवस्थापन ८. संघ संस्था ९. वातावरण १० विविध ।

निर्णय नं. ६

आ.व. २०७६।०७७ को लागि वडा स्तरीय विकास निर्माण लगायतका कार्यक्रम संचालन गर्नको लागि ५ वटा वडाको (वडा नं. १,३,६,८,९) मा रु. ५० लाख सम्म तथा अन्य बांकी ८ वटा (वडा नं.२,४,५,७,१०,११,१२,१३) मा रु. ४० लाख सम्मको वडा स्तरिय योजना प्राथमिकताको आधारमा छनौट गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.७

सि.न.पा.वडा नं.१३ मा आ.व. २०७५।०७६ को लागि योजना छनौट गरी पठाईएको भएता पनि प्राथमिकतामा परेका निम्न योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. सि.न.पा. वडा नं. १३ सुर्यपथमा कृष्ण प्रसाद पाण्डेको घर देखि उत्तर, पुर्व तर्फ जाने कच्ची बाटोलाई आर.सी.सी. ढलान गर्ने ।
२. सि.न.पा.वडा नं. १३ मैत्रीपथ देखि पुर्व बुद्धबिहार तर्फ जाने गल्ली कच्ची बाटोलाई आर.सी.सी. ढलान गर्ने ।
३. सि.न.पा.वडा नं. १३ हाटबजार देखि पुर्व सन्जु पुनको घर हुदै आदर्श उच्च माध्यमिक विद्यालय तर्फ जाने बाटोमा एकतर्फ नाला निर्माण गर्ने ।
४. सि.न.पा.वडा नं.१३ स्थित श्री सुसंस्कृत माध्यमिक विद्यालय भवनको कोठा थप गर्न सहयोग स्वरुप रु. २,५०,०००।-अक्षरुपी रु.दुईलाख पचास हजार रुपैया दिने ।
५. सि.न.पा. वडा नं.१३ स्थित श्री राधाकृष्ण मन्दिरलाई सहयोग स्वरुप रु. १,००,०००।-अक्षरुपी एकलाख रुपैया दिने ।

निर्णय नं. ८

आ.व. २०७५।०७६ का लागि वडा नं.५ स्थित न.पा. भवनको पुर्व गणपतिपथ तर्फको पर्खाल भत्काई बाटो फराकिलो पार्ने कार्यका लागि स्वीकृत बजेट योजना तथा कार्यक्रम उक्त स्थानमा संचालन हुन नसकेको हुंदा उक्त विनियोजित रकमबाट सि.न.पा. ५ स्थित कारणीमाई मन्दिर प्रवेश द्वार निर्माण गर्ने निर्णय गरियो ।



श्याम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner